**नेपाल**
**सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल**
**राष्ट्र प्रमुख: विद्यादेवी भण्डारी**
**सरकार प्रमुख: खड्ग प्रसाद शर्मा ओली**

अभिव्यक्ति स्वतन्त्रतालाई सीमित गर्न र सुरक्षा बललाई स्वेच्छाचारी गिरफ्तार गर्न सघाउनका लागि कानुनको प्रयोग गरिएको थियो भने अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा अझ थप बन्देज लगाउने आशययुक्त मस्यौदा कानुनहरूलाई श्रृंखलाबद्ध रूपमा प्रस्ताव गरिएको थियो । नागरिक समाज संस्थाहरूका लागि बोझिला दर्ता प्रक्रियाहरू लादिएको थियो र तिनको कामलाई सरकारी निकायहरूको अनावश्यक अनुगमनको अधिनमा राखिएको थियो । वि.सं. २०६३ सालमा अन्त्य भएको द्वन्द्वको क्रममा गरिएका मानवअधिकार उल्लङ्घनका हजारौं पीडितलाई न्याय र परिपूरण प्राप्तिका लागि गरिएका प्रयासहरू अपर्याप्त रहेका थिए । सुरक्षा बलद्वारा भएको बलको अत्यधिक प्रयोगका कारण एक जना विरोधकर्ताको मृत्यु भएको थियो । गैरन्यायिक हत्याका विभिन्न आरोपहरू रहेका थिए । यातना र अन्य दुर्व्यवहारको प्रयोग व्यापक रहेको थियो । दर्जनौं परिवारहरूलाई तिनको आवासबाट जबर्जस्ती निष्कासित गरिएको थियो । आप्रवासी श्रमिकहरू ज्यादतीयुक्त र गैरकानुनी भर्ना अभ्यासबाट पीडित भएका थिए । यौनजन्य हिंसा लगायत बलात्कार र लिङ्गमा आधारित अन्य हिंसाका घटनाहरू दण्डहीनताका साथ जारी रहे । लिङ्गमा आधारित विभेद कानुनी र व्यवहारिक दुवै हिसाबमा व्याप्त रह्यो ।

## अभिव्यक्ति स्वतन्त्रता

सरकारलाई आलोचना गरी लेखिएका समाचार प्रकाशन गर्ने पत्रकार वा अनलाइनमा आफ्नो विचार राख्नेहरूलाई स्वेच्छाचारी ढङ्गमा गिरफ्तार गर्न विद्युतीय कारोवार ऐन २०६३ जस्ता कानुनहरू प्रयोग गरियो । अप्रिल २०१९ मा पोखराका पत्रकार अर्जुन गिरीलाई आर्थिक ठगीसम्बन्धी समाचार लेखेको आरोपमा यो कानुनअन्तर्गत अभियोग लगाइएको थियो । जुन २०१९ मा हास्यकलाकार प्रनेश गौतमलाई युट्युबमा एउटा चलचित्रका बारेमा व्यङ्ग्यात्मक समीक्षा गरेकोमा गिरफ्तार गरिएको थियो । अक्टोबरमा गायकहरू दुर्गेश थापा र समिर घिसिङलाई मात्र उनीहरूले गाएको गीतको सामग्रीकै कारण देखाई स्वेच्छाचारी ढङ्गमा गिरफ्तार गरिएको थियो । यसै वर्ष अभिव्यक्ति स्वतन्त्रतालाई कडा रूपमा बन्देज लगाउन सक्ने खतराजन्य प्रावधानहरू समावेश भएका विभिन्न मस्यौदा कानुनहरू संसदमा विचाराधीन रहेका थिए । ती मस्यौदा कानुनमा मिडिया काउन्सिल विधेयक, आम सञ्चार विधेयक र सूचना प्रविधि विधेयक समावेश छन् ।

## मानवअधिकार रक्षकहरू

अप्रिल २०१९ मा सरकारले राष्ट्रिय मानवअधिकार संस्थाको स्वतन्त्रता र स्वायत्ततालाई कमजोर पार्ने तथा यसको क्षेत्राधिकारलाई नै सीमित पार्ने गरी राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ को संशोधन प्रस्ताव गर्यो । उक्त प्रस्तावका प्रावधानहरूले महान्यायाधिवक्तालाई मानवअधिकार उल्लङ्घनसँग सम्बन्धित मुद्दाहरूको अभियोजनको सवालमा आयोगका सिफारिसहरूलाई समेत छल्न पाउने स्वविवेक प्रदान गरेको छ । विभिन्न आयोगहरूमा समयमै आयुक्तहरूको नियुक्ति गर्न सरकार विफल रह्यो ।

यो वर्ष मन्त्रीपरिषद्ले यस्तो कानुन पनि प्रस्ताव गर्यो जसलाई यदि लागू गरिएमा नागरिक समाज सङ्गठनहरूको काममा थप बन्देज लाग्नुका साथै ती संस्थाहरूको दर्ता तथा दर्ता नविकरणमा थप व्यवधानहरू लादिने र उनीहरूको काममाथि अनावश्यक निरीक्षण र अनुगमन हुनेछ ।

## अन्तर्राष्ट्रिय न्याय

विस्तृत शान्ति सम्झौताको एक अंशको रूपमा दशक लामो सशस्त्र द्वन्द्वको क्रममा गरिएका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लङ्घनका हजारौं पीडितहरूलाई सत्य, न्याय र परिपूरण प्रदान गर्ने प्रतिबद्धता गरिएको १३ वर्ष पछि पनि सरकार यी कुराहरू पुरा गर्न विफल रह्यो । गत अप्रिलमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका पदाधिकारीहरूको पदावधि सकिए यता सशस्त्र द्वन्द्वको क्रममा राज्यका सुरक्षा बलहरू र माओवादीद्वारा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका क्रमशः ६०,००० र ३,००० उजुरीहरू सङ्कलन गरेका यी आयोगहरूमा सन् २०१९ को अन्त्यसम्ममा नयाँ आयुक्तहरूलाई नियुक्ति गर्न सकिएको थिएन । सरकारले सन् २०१४ र २०१५ मा सर्वोच्च अदालतले दिएको आदेशअनुरुप हुनेगरी बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गरेको छैन ।

## आवासको अधिकार

सन् २०१५ को भूकम्पबाट प्रभावित हजारौं भूकम्प पिडितहरू अझै अस्थायी आवासमा बस्दै आफ्नो आवास पुनर्निर्माणका लागि आवास अनुदानको पर्खाईमा रहे ।

आवासविहीनताविरुद्ध लड्नका लागि आवासको अधिकारसम्बन्धी ऐन २०७५ लाई एउटा महत्त्वपूर्ण कदमको रूपमा लिन सकिने भएतापनि पर्याप्त आवासको अधिकारलाई पूर्ण रूपले प्रत्याभूत गर्न यो ऐन अपर्याप्त छ । किनकि यो ऐन स्वामित्वमा आधारित छ । यो ऐनले अनौपचारिक रूपमा बसोवास गरिरहेकाहरूलाई जबर्जस्ती निष्कासन विरुद्ध संरक्षणको प्रत्याभूति दिलाउन सकेको छैन । आवासविहीनता र आवास सम्बन्धको सुरक्षा जस्ता मुख्य शब्दावलीको परिभाषा पनि यो ऐनमा समावेश गरिएको छैन । स्थानीय निकायहरूले पनि उचित प्रक्रिया वा वैकल्पिक आवासको व्यवस्था बिना नै निष्कासनका कार्यहरूलाई बढ्दो रूपमा अघि बढाए । रुपन्देहीको बुटवल उपनगरपालिका र भक्तपुरको नगरकोट नगरपालिकाले वर्षौंदेखि आफू बसोबास गरेको जमिनबाट दर्जनौं परिवारहरूलाई आवासवीन बनाउँदै जबर्जस्ती निष्कासन गरे ।

## खाद्य अधिकार

सन् २०२५ सम्म "शुन्य भोक"को लक्ष्यलाई हाँसिल गर्ने महत्वपूर्ण कदमका रूपमा नेपाल सरकारले खाद्य अधिकार तथा खाद्य सम्प्रभूतासम्बन्धी ऐन २०७५ लाई असोजबाट लागू गरेको छ । यद्यपि आफ्नो लागि आवश्यक खानेकुराको जोहो गर्ने जनताको प्रयासमा सार्वजनिक अधिकारीहरूलाई हस्तक्षेप गर्न नदिने कुरा सुनिश्चित गर्नमा यो ऐन विफल भएको छ । किनभने यो कानुनले जनतालाई उनीहरूको आफ्नो भूमिबाट जबर्जस्ती निष्कासन गर्ने कार्यमा रोक लगाएन जसका कारण उनीहरूले माछा मारेर वा स्थानीय जंगलबाटै खानेकुरा जोहो गरेर आफ्नो खाद्यान्न आपूर्ति गर्ने कार्यबाट वञ्चित बन्नुपरेको छ । यो कानुनले भोकमरीका कारण हुने मृत्युका घटनाहरूमा अनुसन्धान गर्नुपर्ने आवश्यकता लागू गर्न पनि यो कानुन विफल भयो ।

## बलको अत्यधिक प्रयोग

शान्तिपूर्ण प्रदर्शनहरूलाई तितरबितर पार्न सुरक्षा फौजले अनावश्यक वा अत्यधिक बल प्रयोग गरिनै रहे । सन् २०१९ को जुनमा प्रस्तावित गुठी विधेयकविरूद्ध राजधानी काठमाडौंमा प्रदर्शनरत प्रदर्शनकारीहरूविरुद्ध प्रहरी अधिकारीहरूले अत्यधिक बल प्रयोग गर्नुका साथै उनीहरूलाई कुटपिट गरे । जुन महिनामै एक विरोध प्रदर्शनका क्रममा सर्लाही जिल्लामा सरोज नारायण महतोको हत्या भयो । प्रत्यक्षदर्शीका अनुसार प्रहरी अधिकारीहरूले उनलाई गोली हानी हत्या गरेका थिए । अन्य तीन प्रदर्शनकारीहरू गम्भीर घाइते भएका थिए । प्रदर्शनका क्रममा भएको बलको अत्यधिक प्रयोग र हत्याका आरोपहरूका बारेमा अधिकारीहरूले वर्षको अन्त्यसम्ममा पनि कुनै छानबिन गरेनन् ।

## श्रमिक अधिकार — आप्रवासी श्रमिकहरू

ज्यादतीयुक्त भर्ना अभ्यासबाट आप्रवासी श्रमिकहरूलाई संरक्षण प्रदान गर्न सरकार विफल रह्यो । रोजगार व्यवसायीहरूले श्रमिकहरूबाट लिने गरेको चर्को भर्ना शुल्कलाई घटाउने अभिप्रायका साथ ल्याइएको चार वर्ष पुरानो "निःशुल्क भिसा, निःशुल्क टिकट" नीति धेरै हदसम्म कार्यान्वयन हुन सकेन । नीति र कानुन कार्यान्वयनको अभावले भुक्तानी गरिएको अधिक भर्ना शुल्कको क्षतिपूर्ति दाबी गर्ने आप्रवासी श्रमिकहरूको क्षमतामा प्रतिकूल असर पार्यो ।

केही रोजगार व्यवसायीहरू आप्रवासी श्रमिकहरूविरुद्ध बेचबिखन र श्रम शोषण लगायत गम्भीर दुव्र्ययवहारको जिम्मेवाार थिए तर त्यस्ता दुर्व्यवहारहरूलाई मानव बेचबिखन कानुन र वैदेशिक रोजगार ऐनअन्तर्गत अभियोजनका लागी विरलै अघि बढाइयो ।

## यातना र अन्य दुर्व्यवहार

"स्वीकारोक्ति" वा अन्य प्रमाणहरू प्राप्त गर्ने क्रममा न्यायिक सुनुवाइ पूर्वको हिरासतमा भएका यातना र अन्य दुर्व्यवहारसम्बन्धी प्रतिवेदनहरू प्राप्त भए । यातनाका कारण हिरासतमा मृत्यु भएको आशङ्का गरिएका घटनाका बारेमा विश्वसनीय अनुसन्धानहरू भएनन् । फौजदारी संहिताले यातना र अन्य दुर्व्यवहारलाई अपराधीकरण गरेको भएपनि सजायसम्बन्धी व्यवस्थाले अपराधको गाम्भीर्यतालाई प्रतिविम्बित गर्दैन ।

## गैरन्यायिक हत्या

सन् २०१९ मा गैरन्यायिक हत्यासम्बन्धी विभिन्न आरोपहरू रहेका छन् । प्रहरी अधिकारीहरूले २०७६ जेष्ठ र असारमा क्रमशः भोजपुर जिल्लामा तिर्थ राज गौतम र सर्लाही जिल्लामा कुमार पौडेललाई गोली हानी हत्या गरे । प्रत्यक्षदर्शीका अनुसार उनीहरू दुवैलाई गिरफ्तार गर्ने क्रममा हत्या गरिएको थियो । अधिकारीहरूले उक्त हत्याका सम्बन्धमा कुनै अनुसन्धान सार्वजनिक गरेका छैनन् । सन् २००७ मा भएको पहिलो मधेश आन्दोलनपछि सुरक्षा फौजद्वारा दक्षिण तराई र अन्यत्रका मधेशी समुदायका सदस्यहरूमाथि गरिएका दर्जनौं गैरन्यायिक हत्याका घटनाहरूमा अधिकारीहरूले विश्वसनीय अनुसन्धानहरू गरेनन् । उक्त हत्याहरूको अनुसन्धानका लागि गठित लाल आयोग भनेर चिनिएको जाँचबुज आयोगको प्रतिवेदनलाई सरकारले सार्वजनिक गरेको छैन ।

## महिला अधिकार

सन् २०१९ मा लिङ्गमा आधारित विभेद जारी रह्यो र महिलाहरूको नागरिकतासम्बन्धी असमान प्रावधान रहेको विद्यमान संवैधानिक त्रुटीलाई सरकारले संबोधन गरेन । फौजदारी संहितामा रहेको बलात्कारसम्बन्धी घटनाका सवालमा विद्यमान हदम्याद्को प्रावधानले पीडकलाई दण्डहीनताको कवच प्रदान गरिराख्यो । बलात्कारका घटनाहरू र खासगरी बालिकाविरुद्धका बलात्कारका घटनाहरूमा वृद्धि भएको प्रतिवेदनहरू प्राप्त भए ।

कानुनमा छाउपडी (महिनावारी भएका महिला तथा किशोरीलाई छाप्रोमा निकालावास गर्ने प्रथा) लाई अपराधीकरण गरिएको भएपनि विशेषगरी मध्यपश्चिम र सुदूरपश्चिमका क्षेत्रहरूमा यसको अभ्यास व्यापक रूपमा नै रहिरहेको छ । छाउगोठमा रहँदा असङ्ख्य महिला र किशोरीहरूको मृत्यु भयो र उनीहरू यौनजन्य हिंसाको शिकार भए । जनवरीमा छाउगोठमै सुतेको अवस्थामा आगलागी हुँदा एक महिला र उनका दुई सन्तानको निसास्सिएर मृत्यु भयो । फेब्रुअरीमा डोटी जिल्लामा निसास्सिएर एक महिलाको छाप्रो भित्रै मृत्यु भयो । डिसेम्बरमा अछाम जिल्लामा अर्की एक महिलाले यस्तै नियती भोग्नु पर्यो । फौजदारी संहिता २०७४ ले छाउपडीलाई गैरकानुनी बनाएपछि पहिलो पटक अधिकारीहरूले डिसेम्बरमा पार्वती बुढा राउतको मृत्युको सम्बन्धमा उनको परिवारका एक सदस्यलाई पक्राउ गरे ।

**विभेद — जाति प्रथा**

जातका आधारमा हुने विभेदलाई संबोधन गर्न कानुन तथा नीतिमा व्यवस्था गरिएको भएतापनि दलितहरूले विभेद, "छुवाछुत", सामाजिक बहिष्करण र हिंसालाई सामना गरिरहनु पर्यो । विशेष गरेर दलित महिलाहरू लिङ्ग र जात दुवैका आधारमा हुने विभेद र हिंसाको जोखिममा परे ।